# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८२।२०८३

चलानी नं. :-

मिति: २०८२।०३।०१

<u>विषयः- आयोजना/कार्यक्रम लगायतका भुक्तानी सम्बन्धमा ।</u>

सूचना ! सूचना!! सूचना !!!

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३०(१) वमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकाशा र खर्चको लेखा अधावाधिक गरि भुक्तानी निकासा बन्द गर्नु पर्ने कानुनी प्रावधान रहेको र उक्त समयमा कार्यालयमा बढी कार्यचाप हुने तथा योजनाहरु बढी भई सर्भर डाउन हुने र सिस्टम पनि नचल्ने अवस्था सिर्जना हुन सक्ने भएकोले असाढ महिनामा कार्यालयले कर दाखिला गर्ने, हिसाब मिलान गर्नुपर्ने र सोको भौचर र आर्थिक विवरण लगायतक प्रतिवेदनहरु तालुक निकाय तथा कार्यालयहरुमा बुझाउनु पर्ने व्यवस्था भए बमोजिम यस कार्यालय अन्तर्गत संचालित सम्पूर्ण आयोजना तथा कार्यक्रमको मिति २०८३/०३/१८ गते सम्म अनिवार्य भुक्तानी लिई फरफारक गर्नको लागि सम्वन्धित सबै सरोकारवालाहरुमा जानकारी गराईन्छ। साथै तोकिएको समयभित्र भुक्तानी लिन नआएमा कार्यालय जवाफदेही नहुने तथा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यक्ति, शाखा, फर्म/संस्था/सप्लायर्स/निर्माण व्यवसायी नै रहने व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

<u>बोधार्थ तथा अवगतार्थः</u>

श्रीमान् गा.पा.अध्यक्षज्यु, जानकारीको लागि ।

श्रीमान् गा.पा. उपाध्यक्षज्यु कार्यक्रम तथा योजनाहरुको समयमै अनुगमन गरिदिनु हुन।

श्री वडा अध्यक्षज्युहरु (सबै): समयमै सम्पूर्ण योजना तथा कार्यक्रमहरु संचालन/अनुगमन गरि फर-फारकमा सहयोग गरिदिनु हुन।

श्री सम्पूर्ण वडा कार्यालयहरु/विषयगत शाखाहरुः समयमै कार्यक्रम र योजनासँग सम्वन्धित सम्पूर्ण विल भरपाई र आवश्यक कागजात तयार गरि/गराई भुक्तानीको लागि आ.प्र. शाखामा पेश गर्नु हुन।

श्री सूचना प्रविधि शाखा :- Website तथा फेसबुक पेजमा अपलोड गरि दिनु ।

..............................

संजित कुमार यादव

लेखा अधिकृत

..............................

राजगिर महतो

प्रमुख प्रशासकीय अधिकृत

टेलिफोन नं. : आर्थिक प्रशासन शाखा मो. ९८५४०२८८३८, जिन्सी शाखा मो. ९८५४०८०११७
सूचना अधिकारी मो. ९८५४०२८८३९, एम्बुलेन्स मो. ९८५४०८०११४
वेव साइट : https//www.laxminiyamun.gov.np. इमेल : laxminiyamun@gmail.com

CamScanner